# बिगो निर्धारण सम्बन्धी निर्देशिका, २०८१

नेपाल सरकार वादी हुने फौजदारी मुद्दाको अनुसन्धान र अभियोजन गर्दा बिगो निर्धारण सम्बन्धी काम कारबाही र प्रक्रियालाई एकरुपता कायम गरी वस्तुनिष्ठ बनाई सरल, स्पष्ट र व्यवस्थित गर्न वाञ्छनीय भएकाले,

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १९७ को उपदफा (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी महान्याधिवक्ताको परामर्शमा नेपाल सरकारले यो निर्देशिका बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस निर्देशिकाको नाम "बिगो निर्धारण सम्बन्धी निर्देशिका, २०८१" रहेको छ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) "कसूर" भन्नाले मुलुकी अपराध संहिता, २०७४ वा अन्य प्रचलित कानून बमोजिम सजाय हुने कसूर सम्झनु पर्छ।

(ख) "पीडित" भन्नाले कसूरबाट क्षति पुगेको व्यक्ति वा संस्था सम्झनु पर्छ र सो शब्दले सरकारी हानि नोक्सानीका सम्बन्धमा राज्यलाई समेत जनाउँछ।

(ग) "बिगो" भन्नाले सरकार वादी फौजदारी मुद्दामा कसूरबाट पुग्न गएको क्षति, हानि तथा नोक्सानी सम्झनु पर्छ र सो शब्दले कसूर हुनु पूर्वको अवस्थामा पुग्न लाग्ने खर्च वा रकमलाई समेत जनाउँछ।

(घ) "समिति" भन्नाले दफा ९ बमोजिमको बिगो निर्धारण समन्वय समिति सम्झनु पर्छ।

(ङ) "संहिता" भन्नाले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ सम्झनु पर्छ।

३. पीडित, जाहेरवाला र जाहेरी प्रतिवेदकको कर्तव्यः (१) बिगो निर्धारण प्रक्रियामा पीडित, जाहेरवाला वा जाहेरी प्रतिवेदकको कर्तव्य देहाय बमोजिम हुनेछः-

(क) जाहेरी, सूचना वा प्रतिवेदन दिँदा आवश्यक प्रमाण कागजात सहित क्षति भएको विवरण अनिवार्य खुलाउने,

(ख) खण्ड (क) बमोजिम बिगो निर्धारणको लागि आवश्यक पर्ने प्रमाण कागजात र विवरण खुलाउन सम्भव नभएको अवस्थामा कसूरका कारणले आफूलाई प्रत्यक्ष रूपमा परेको क्षति वा प्रभावको उल्लेख गरी अभियोग पत्र अदालतमा दायर हुनु भन्दा अगावै प्रमाण संलग्न गरी जानकारी दिने,

(ग) वास्तविक, यथार्थ र प्रमाणले समर्थन गर्ने बिगो मात्र दाबी गर्ने।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएपनि, अभियोजन गर्दा जाहेरवाला वा पीडितले जाहेरीमा उल्लेख गरे भन्दा फरक बिगो यस निर्देशिका वमोजिम निर्धारण गर्नु पर्ने भएमा जाहेरवाला वा पीडितको धारणा लिन सकिनेछ।

४. <u>शंकित व्यक्तिको कर्तव्यः</u> अनुसन्धानको क्रममा बयान गर्दा जाहेरी, उजुरी वा प्रतिवेदकले खुलाएको बिगो यथार्थ भए नभएको खुलाउने कर्तव्य शंकित व्यक्तिको हुनेछ ।

५. <u>अनुसन्धानकर्ताले अबलम्बन गर्नुपर्ने प्रक्रियाः</u> बिगो निर्धारण प्रक्रियामा अनुसन्धानकर्ताले देहाय बमोजिमको प्रक्रियाको पालना गर्नु पर्नेछः-

(क) प्रारम्भिक अनुसन्धानकै क्रममा वस्तुनिष्ठ बिगो निर्धारण कार्यको थालनी गर्ने,

(ख) जाहेरी, सूचना वा प्रतिवेदन परी अनुसन्धानको क्रममा बिगो यकिन गर्दा विवरण, तथ्य, प्रमाण जाहेरवाला, सूचक वा प्रतिवेदकबाट माग गर्ने,

(ग) क्षतिमा आधारित बिगो निर्धारण गर्नुपर्ने अवस्थामा घटनास्थल, खानतलासी समेतका मुचुल्का तयार गरी क्षतिको विवरण उल्लेख गर्ने,

(घ) बिगो निर्धारणको लागि प्राप्त भएका प्रमाणको आधारमा सरकारी वकील समक्ष प्रतिवेदन पेश गर्ने र सरकारी वकीलले निर्देशन दिएकोमा सोको पालना गर्ने,

(ङ) कसूरको सम्बन्धमा शंकित व्यक्तिको बयान गराउदा बिगो यकिन गर्न जाहेरी व्यहोरामा खुलाइएको बिगोको सम्वन्धमा समेत छुट्टै प्रश्न सोध्ने,

(च) अनुसन्धान अधिकारीले अनुसन्धानको सन्दर्भमा आवश्यकता अनुसार बिगो निर्धारणका लागि कुनै विशेषज्ञ, मूल्याङ्कनकर्ता वा सो सम्बन्धी कार्य गर्ने कुनै संस्थाको राय लिने,

(छ) अनुसन्धान प्रतिवेदन सम्बन्धित सरकारी वकील कार्यालयमा पठाउँदा प्रत्येक प्रतिवादीवाट असुल गर्नु पर्ने बिगो यकिन गरिएको अङ्क तथा सोको आधार खुलाउनु पर्ने।

६. <u>अभियोजनकर्ताले अबलम्बन गर्नु पर्ने प्रक्रियाः</u> बिगो निर्धारण प्रक्रियामा अभियोजनकर्ताले देहाय बमोजिमको प्रक्रियाको पालना गर्नु पर्नेछः-

(क) म्याद थपको क्रममा अनुसन्धान गर्ने निकायबाट सरकारी वकीलले अभियोजन कार्ययोजना बमोजिमको प्राथमिक कार्य अन्तर्गत वस्तुनिष्ठ बिगो निर्धारणको आधार तय गर्ने,

(ख) प्रारम्भिक अनुसन्धान प्रतिवेदनमा वस्तुनिष्ठ बिगो निर्धारण सम्बन्धी विषय उल्लेख नभएमा सो सम्बन्धमा स्पष्ट निर्देशन दिने,

(ग) अनुसन्धान अधिकारीले यकिन बिगो निर्धारण गर्न नसकी सरकारी वकीलको राय सल्लाह माग गरेकोमा सरकारी वकीलले बिगो निर्धारण संयन्त्र मार्फत यकिन भई आएको बिगो निर्धारण समेतका आधारमा राय सल्लाह दिनु पर्ने,

(घ) बिगो निर्धारण गरी अभियोजन गर्दा दफा ९ बमोजिम अभियोजन गर्ने ।

७. <u>बिगो निर्धारण गर्दा लिनु पर्ने आधारः</u> (१) अनुसन्धानकर्ता र अभियोजनकर्ताले प्रारम्भिक रुपमा बिगो निर्धारण गर्दा देहायको कुनै वा सबै विषयलाई आधार लिनु पर्नेछः—

(क) धनमाल वा वस्तुको हकमा खरिद गरिएको बिल भरपाई अनुसारको वास्तविक मूल्य,

(ख) खरिद मुल्य भन्दा हालको मुल्य बढि भएमा हालको वजार मुल्य,
स्पष्टीकरणः यस खण्डको प्रयोजनको लागि “बजार मूल्य“ भन्नाले वस्तुको अन्तिम उपभोक्ता मूल्य सम्झनु पर्छ ।

(ग) कारोवार भएको आधारमा विगो निर्धारण गर्दा बैङ्क स्टेटमेण्ट, अनलाइन पेमेन्ट वा अन्य विधुतीय ट्रान्जेक्सन वा चेक भुक्तानी वा पासबुक वा लिखत, सम्झौता, करार, आदिबाट खुल्ने रकम वा मूल्य,

(घ) बिगो निर्धारणका सम्बन्धमा प्रचलित कानूनमा छुट्टै व्यवस्था वा मापदण्ड तोकेको भए सो बमोजिम कायम हुन आउने वास्तविक मुल्य,

(ङ) शंकित व्यक्तिले कसूरबाट आर्जन गरेको पुष्टि हुने वास्तविक रकम वा सम्पत्ति वा सो सम्पत्ति वा रकम एकरुपबाट अर्को रुपमा रुपान्तरण वा हस्तान्तरण गरी वढे वढाएको सम्पत्ति ।

(च) कुनै वस्तुको मूल्याङ्कन गरेर वा अभौतिक सम्पत्ति जस्तै ट्रेडमार्क वा अन्य वौद्धिक सम्पत्तिको रकम यकिन गर्नु पर्दा मूल्याङ्कनकर्ता निकाय वा मूल्याङ्कनकर्ता (भ्यालुयटर) बाट निर्धारण गरिएको मुल्य,

(छ) उपचार सम्बन्धी वा यस्तै अन्य विषयको स्वास्थ्य परीक्षण प्रतिवेदन, शल्यक्रिया र औषधी खरिद गर्दाको खर्च, बेड चार्ज, यातायात खर्च, जस्ता खर्च विवरण प्रमाणको पर्याप्तता भएकोमा सोही भरपाईको आधारमा बिगो दाबी निर्धारण गर्नु पर्ने,

(ज) महान्यायाधिवक्ताले समय समयमा निर्देशन दिई थप गरेको आधार अनुरुप निर्धारण हुने मुल्य,

(२) उपदफा (१) मा उल्लेख गरिए बमोजिम प्रारम्भिक रुपमा विगो निर्धारण भए पछि देहायको आधारमा वस्तुनिष्ठ रुपमा विगो यकिन गरी अनुसन्धान प्रतिवेदन तयार गर्ने तथा अभियोजन गर्नु पर्नेछः

(क) सुरु विल वमोजिमको मुल्य वा बजार मुल्यमा वस्तु प्रयोग भएको तरिका, वस्तुको अवस्था र गुणस्तर हेरी ह्रास कट्टी गर्नु पर्नेमा सो कट्टी गरी बिगो निर्धारण गर्ने।

(ख) कारोबारमा आधारित भई बिगो कायम गर्दा कसूरदारको सम्पूर्ण कारोबारको आधारमा नगरी कसूरसँग सम्बन्धित कारोबार वा सो कारोबारबाट कसूरदारले प्राप्त गर्ने प्रतिफल वा राज्यलाई भएको हानी नोक्सानीको आधारमा कायम हुने मूल्य,

(ग) शंकित व्यक्तिले अनुसन्धानको क्रममा बयान गर्दा कसूरसँग सम्बन्धित वस्तु वा रकमको पूरै वा आंशिक रुपमा तिरिसकेको वा फिर्ता गरेको भए सो कट्टी गरी कायम हुन आउने रकम,

(घ) कसैको दोहोरो कारोबार वा लेनदेन भएकोमा हिसाब गरी पीडितले पाउनुपर्ने वास्तविक रकम ।

(ङ) कसूरमा पीडितको लापरवाही वा हेलचेक्रयाईंको कारणबाट वा कसू गर्ने कार्यमा समेत पीडितको पूर्ण वा आंशिक रुपमा संलग्नता भई पीडित स्वयंलाई क्षति पुग्न गएको रहेछ भने सो अवस्थामा वास्तविक हानी नोक्सानी वा क्षतिमा पीडितले गरेको लापरवाही वा हेलचक्रयाईंको वा पूर्ण वा आंशिक रुपमा संलग्नताको मात्रा घटाई कायम हुन आउने रकम वा क्षति,

(च) घरजग्गा जस्ता अचल सम्पत्तिको बिगो निर्धारण गर्दा रजिष्ट्रेसन गर्दा वा लिखत हुदा उल्लेख भएको रकम,

तर तेस्रो पक्षको नाममा कायम भई जफत नहुने अवस्थामा वा लिखतमा मुल्य उल्लेख नभएमा कसूर हुँदाको बखतको अचल सम्पत्तिको मालपोत प्रयोजनको लागि निर्धारित मूल्य,

(छ) कलाकृति, प्राचीन गहना, केही अद्वितीय वस्तु वा तत्काल बजारमा आम रूपमा खरिद बिक्री नहुने माल वस्तुको हकमा वस्तुको अवस्था, दुर्लभता समेतलाई आधार लिई पुरातत्व विभाग वा अन्य विशेषज्ञबाट मूल्याङ्कन गरी आउने अंक,

(ज) कसूरका कारण प्रत्यक्ष रूपमा नदेखिने तर अप्रत्यक्ष रूपमा देखा पर्ने हानि, नोक्सानी वा क्षति (जस्तै चोरी भएको माल सामान नै तोडफोड वा अन्य कारणले काम नलाग्ने भएमा) वा अन्य तवरले मर्मत गर्नुपर्ने वा बनाउनुपर्ने अवस्थामा नयाँ खरिद गर्दा वा बनाउँदा लाग्ने खर्चको मूल्याङ्कन गरी बिगो निर्धारण गर्नु पर्ने,

(झ) बौद्धिक सम्पत्ति सम्बन्धी अधिकारको उल्लङ्घनका कारण भएको बापत बिगो दाबी लिंदा बिगो निर्धारण संयन्त्रले निर्धारण गरे बमोजिम गर्नु पर्ने,

(३) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि सानातिना कसूरमा सार्वजनिक हितलाई खास असर नपर्ने देखिएमा बिगो मागदाबी लिनु पर्ने छैन ।

८. <u>बिगो निर्धारण समन्वय समिति:</u> (१) कसूरको कारणबाट पीडितलाई वा राज्यलाई पुगेको यथार्थ, वास्तविक र प्रमाणले समर्थन गर्ने बिगो यकिन गर्नको लागि अन्य प्रमाणबाट सम्भव नदेखिएको र बिगो यकिन गर्नुपर्ने अवस्था भएमा आवश्यकता अनुसार सहजीकरण गर्न प्रत्येक जिल्लामा देहाय बमोजिमको अनुसन्धान बिगो निर्धारण समन्वय समिति रहनेछः-

(क) जिल्ला न्यायाधिवक्ता - संयोजक

(ख) जिल्ला प्रहरी प्रमुख - सदस्य

(ग) जिल्ला न्यायाधिवक्ताले आवश्यकता अनुसार आमन्त्रण गरेको एकजना सम्बन्धित विषय विज्ञ - सदस्य

(घ) सम्वन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीले तोकेको जिल्ला प्रशासन कार्यालयको अधिकृत -सदस्य

(ङ) सहायक न्यायाधिवक्ता -सदस्य-सचिव

(२) उपदफा (१) बमोजिमको समितिले जिल्ला सरकारी वकील कार्यालयले अभियोगपत्र दर्ता गर्नु अगावै बिगो यकिन गरी सुझाव दिनु पर्नेछ।

(३) उच्च अदालत वा विशेष अदालतवाट अभियोजन हुने मुद्दाको हकमा सम्वन्धित कार्यालय प्रमुखको संयोजकत्वमा विगो निर्धारण समन्वय समिति रहनेछ ।

(४) उपदफा (१) को खण्ड (ग) को सदस्य र (ङ) को सदस्य सचिवको हकमा सम्वन्धित कार्यालय प्रमुखले तोके बमोजिम हुनेछ ।

(५) समितिको अपनाउने कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

९. <u>छुट्टै प्रकरणमा विगो खुलाउनु पर्ने:</u> (१) मुद्दाको प्रकृति अनुसार बिगोको मात्र निर्धारण गर्नुपर्ने मुद्दामा अभियोजनकर्ताले छुट्टै प्रकरणमा बिगो र सो बिगो निर्धारणको आधार खुलाई अभियोगपत्र दायर गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम अभियोग पत्र दायर गर्दा सम्भव भएसम्म बिगो तालिका समेत बनाई अभियोगपत्रसँगै संलग्न गर्नु पर्नेछ।

(३) कुनै कसूरका कसूरदारहरू एकभन्दा बढी भएमा कसूरदारको संलग्नताको आधारमा कुन प्रतिवादीबाट कति बिगो भराउनु पर्ने हो अभियोग पत्रमा यकिन माग दाबी लिनु पर्नेछ। एकमुष्ठ विगो यकिन भएकोमा सवै प्रतिवादीलाई दामासाहीले विगो माग दावी गरेको मानिने छ।

(४) अभियोग पत्र दायर भइसके पछि सोमा खुलाइएको बिगो पछि प्राप्त भएको प्रमाणका आधारमा थपघट हुने देखिएमा बिगो तालिका समेत संलग्न गरी अदालतमा मागदाबी गर्न सकिनेछ।

१०. <u>सहयोग लिन सकिने:</u> (१) यस निर्देशिका कार्यान्वयन गर्ने कार्यालयले यस निर्देशिका बमोजिमका विधि र प्रक्रियाको कार्यान्वन गर्न महान्यायाधिवक्ताको कार्यालय, अनुसन्धान निकाय र अन्य निकायहरुको समेत सहयोग लिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सहयोग माग भई आएमा महान्यायाधिवक्ताको कार्यालय र अन्य निकायहरुले त्यस्तो सहयोग उपलब्ध गराउनु पर्नेछ ।

११. <u>अनुगमन गर्ने:</u> यस निर्देशिका बमोजिम बमोजिम विगो निर्धारण भए नभएको अनुगमन महान्यायाधिवक्ताको कार्यालयले गर्नु पर्नेछ।